


# ४ प्रार्थनाको शक्ति

***यस अध्यायका मूल पदहरू:*** यस अध्यायका मूल पदहरूः प्रकाश १२:७-९, एफिसी ६:१२, हिब्रू ७:२५, एफिसी १:१५-२१, दानिएल १०:१०-१४ र १ यूहन्ना ५:१४-१६।

***यस अध्यायको मूल सार पद:*** **"तिमीहरूले एक आपसमा गल्ती गरेका छौ भने त्यो एक आपसमै स्वीकार गर। अनि एक आपसको निम्ति प्रार्थना गर ताकि तिमीहरू निको हुनेछौ वा एक आपसमा मिलाप हुनेछ। धार्मिक मानिसले प्रभावशाली र इमान्दारीतासाथ गरेको प्रार्थना धेरै फलदायी हुन्छ" (याकूब ५:१६ रूपान्तरित)।**

नयाँ करार वा सुरूका चर्चका विश्वासीहरूले प्रार्थनाको जरुरत भएको आभास् पाएका थिए। "र जब तिनीहरूले जम्मा भएर प्रार्थना गरे तब तिनीहरू बसेको ठाउँ नै हल्लियो, र तिनीहरू पवित्र आत्माले भरिएका थिए र तिनीहरू साहसका साथ परमेश्वरको वचन बोल्न थाले" (प्रेरित ४:३१ रूपान्तरित)। हेर्नुहोस् । ती चेलाहरूले प्रार्थना गरे। तिनीहरू पवित्र आत्माले भरिपूर्ण भए र त्यस पछि तिनीहरूले परमेश्वरको वचन साहस तथा निष्ठाका साथ बोल्न थाले।

प्रार्थना, पवित्र आत्माले भरपूर र परमेश्वरको वचन प्रभावकारी रूपमा घोषणा वा प्रचार गर्नेको बीचमा सिधै सम्बन्धित थियो। "चेलाहरूले आफ्नो निम्तिमात्र आशिषको प्रार्थना गरेनन्...। अरू मानिसहरूले पनि मुक्ति पाउन् भन्ने उत्कट इच्छा तिनीहरूमा थियो। सुसमाचार संसारमा फैलाउनुपर्ने कुरा तिनीहरूले महसुस गरे र ख्रीष्टले प्रतिज्ञा गर्नुभएको शक्तिको दावी तिनीहरूले गरे।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ३७बाट रूपान्तरित।

जब हामी इमान्दारिताका साथ हाम्रो जीवनमा परमेश्वरको उपस्थितिको चाहा गर्छौं र अरूको निम्ति प्रार्थना वा बिन्तिभाउ गर्छौं तब परमेश्वरले हाम्रो हृदयमा उहाँको सामिप्यता ल्याउने काम गर्नुहुन्छ साथै उहाँको राज्यमा अरूलाई प्रवेश गराउन उहाँ हामीलाई ईश्वरीय बुद्धिज्ञान दिनुहुन्छ। परमेश्वरलाई विश्वास नगर्नेहरूको जीवनमा उहाँले शक्तिशालीरूपमा काम गर्नुहुन्छ जुन कुरा हामी अहिले देख्न सक्दैनौं न त उहाँले तिनीहरूलाई आफूतिर कसरी खिँच्नुहुन्छ भन्ने कुरा नै राम्रोसँग बुझ्न सक्छौं।

## १. जगतव्यापी भिडन्त

**देहायका पदहरूले अरूको निम्ति प्रार्थना गर्ने वा बिन्तिभाउ गर्ने विषयलाई बुझ्न कसरी मद्दत गर्छ? हेर्नुहोस् प्रकाश १२:१-११ "१ स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरेकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा बाह्र वटा ताराको मुकुट लाएकी थिई। २ त्यो गर्भवती थिई, र जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई। ३ अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सात वटा शिर, दश वटा सिङ र शिरमा सात वटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पर्‍यो। ४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। ६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो। ७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो। त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए। १० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, 'अब हाम्रा परमेश्वरको मुक्ति,**

शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्।", एफिसी ६:१०-१८ "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हाम्रो युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।" र २ कोरन्थी १०:३-६ "३ हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड्दैनौं। ४ किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। ५ परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं। ६ तिमीहरूको आज्ञाकारिता पूरा भएपछि हरेक अनाज्ञाकारितालाई दण्ड दिन हामी तयार बस्नेछौं।"

नाङ्गो आँखाले देख्न सकिने र देख्न नसकिने संसारको बीचमा भएको पर्दा बाइबलले उघारिदिएको छ। असल र खराबको बीचमा द्वन्द्व, संघर्ष वा कचकच भइरहेको छ। धार्मिक फौज वा शक्ति र अन्धकारका फौज वा शक्ति, येशू ख्रीष्ट र शैतानको बीचमा युद्ध भइरहेको छ। जगतव्यापी युद्ध वा संघर्षमा परमेश्वरले प्रत्येक मानिसको आत्मनिर्णयको स्वतन्त्रतालाई कदर

गर्नुहुन्छ। उहाँले कहिल्यै पनि मानिसलाई कठपूतलीलाई जस्तो आफ्नो इच्छामा नचाउनुहुन्न। मानिसको विवेक वा इच्छाको बिरुद्धमा धम्कीद्वारा, बलजफ्ति गरेर, डर वा लोभ देखाएर उहाँ मानिसहरूलाई आफूतिर ल्याउनुहुन्न (अर्थात् एक इसाईले अर्को मानिसलाई जबरजस्ती वा लोभ देखाएर इसाई बनायो भन्ने आरोप परमेश्वरको सामु सरासर झुटो साबित हुन्छ-अनुवादकको थप प्रतिक्रिया)। ईश्वरीय सत्यको बारेमा मनाउन र विश्वास दिलाउन उहाँले पुरुष र स्त्रीहरूकालागि पवित्र आत्मा पठाउनुहुन्छ (यूहन्ना १६:७,८)। प्रत्येक व्यक्तिले अनन्त जीवन प्राप्त गरोस् भन्ने ईश्वरीय इच्छा विपरीत त्यो जीवन प्राप्त नहोस् भन्ने शैतानको चाहनावीच हुने संघर्षमा मानिसहरू परमेश्वरतिर लागून् भनेर प्रभाव पार्न स्वर्गदूतहरू खटिएका हुन्छन् (हिब्रू १:४)। मानिसहरू उहाँतिर खिँचिऊन् भनेर तिनको जीवनमा अलौकिक काम पनि गर्नुहुन्छ र विभिन्न ईस्वरीय घट्नाहरू तिनीहरूको सामु देखाएर उहाँ तिनीहरूलाई आफूतिर तान्न खोज्नुहुन्छ।

तर परमेश्वर मानिसको स्वतन्त्र चेतना वा आत्मविवेकको बिरुद्धमा जबरजस्ती गर्नुहुन्न । डर वा लोभ देखाएर आफूतिर ल्याउनुहुन्न। बलजफ्ती, डर, धम्की र आतङ्क मच्याउनु परमेश्वरको राज्यको नीति बिपरीत हुन्छ। उहाँको प्रेमको नीति बिरूध्द जबरजस्ती गर्ने कुरा अस्वीकार्य हुन्छन्। परमेश्वरको राज्यको नीतिको जग नै प्रेम हो। यहाँ प्रार्थनाको महत्त्वलाई देखाइएको छ। हामीले प्रार्थना गर्नुभन्दा अघि नै परमेश्वरले मानिसहरूलाई आफूतिर ल्याउन सबै प्रयास गरिरहनु भएतापनि हाम्रो प्रार्थनाले परमेश्वरको महाशक्तिलाई फुकाइ दिन्छ। अरूको निम्ति प्रार्थना गर्ने हाम्रो आत्मनिर्णयको स्वतन्त्रतालाई उहाँ कदर गर्नुहुन्छ तर अरूको निम्ति उहाँ अझ धेरै काम गर्नुहुन्छ जुनवेला हामी अरूको लागि प्रार्थना गर्छौं। यदि हामीले अरूको निम्ति प्रार्थना गरेनौं भने उहाँ सक्रियताका साथ उनीहरूको निम्ति काम गर्नुहुन्न।

यो कथन ध्यान दिएर पढ्नुहोस्: "विश्वासद्वारा गरिएको प्रार्थनाको जवाफ दिनु परमेश्वरको योजनाको एउटा भाग हो। यदि हामीले उहाँसँग मागेनौं भने हामीले चाहेको कुरा दिन उहाँलाई कर लग्दैन।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५२५बाट रूपान्तरित। असल र खराबको बीचमा भइरहेको महान् संघर्ष वा विवादमा प्रार्थनाले प्रभाव पारिरहेको हुन्छ। जब येशूलाई नचिन्ने मानिसहरूको निम्ति हामी प्रार्थना गर्छौं तब उसको जीवनमा

परमेश्वरको आशिषको खोला बहन सक्दछन्। तिनीहरूको निम्ति हामीले गरेको प्रार्थनालाई परमेश्वरले कदर वा सम्मान गर्नुहुन्छ। हाम्रो प्रार्थनाले तिनीहरूको जीवनमा अझ धेरै प्रभावकारीरूपमा परमेश्वरले काम गर्नुहुन्छ।

अरूको निम्ति बिन्तिभाउ वा प्रार्थना गर्ने विषयलाई हामीले नम्र भएर स्वीकार गर्नैपर्दछ कि परमेश्वरले कसरी काम गर्नुहुन्छ सो हामीलाई पूरा थाहा छैन। तर थाहा छैन भन्दैमा हाम्रो निम्ति र अरूको निम्ति निरन्तररूपमा प्रार्थना गरेर उक्त आशिषको उपभोग गर्ने अवसरवाट हामी बंचित हुनु हुदैन।

**हामीले प्रार्थनालाई वेवास्ता गर्दाभन्दा प्रार्थना गर्दाचाहिँ उहाँ किन अझ शक्तिशालीरूपमा काम गर्नुहुन्छ होला? सोच्नुहोस्। हाम्रो प्रार्थनाले कसरी काम गरिरहेको हुन्छ सो हामीलाई पूर्ण रूपमा थाहा नभएतापनि अरूको निम्ति प्रार्थना गर्नुपर्ने आदेशले हामीलाई किन घच्घचाइरहन्छ?**

## २. अरूको निम्ति शक्तिशाली वा प्रभावकारी प्रार्थना गर्नुहुने प्रभु येशू

**येशूको प्रार्थनाको जीवन र उहाँको प्रभावकारी सेवाकार्यको बीचमा कस्तो सम्बन्ध थियो भनेर देहायका केही पदहरूले हामीलाई कसरी बताउँछन्? हेर्नुहोस्, लूका ३:२१-२३ "२१ जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, २२ र पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, 'तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।' २३ येशूले आफ्नो सेवाकार्य आरम्भ गर्नुहुँदा उहाँ करीब तीस वर्षका हुनुहुन्थ्यो। मानिसहरू उहाँ योसेफका छोरा हुन् भन्ठान्थे...।", लूका ५:१५,१६ "१५ उहाँको चर्चा अझ बढ़ी जताततै फिँजियो, र ठूला भीड़हरू उहाँको कुरा सुन्न र आफ्ना-आफ्ना रोगहरूबाट निको हुन जम्मा हुन्थे। १६ तर येशूचाहिँ निर्जन स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो।" र लूका ९:१८ "एक पल्ट येशू एकलै प्रार्थना गरिरहनुभएको थियो, चेलाहरू उहाँसँग थिए, र उहाँले तिनीहरूलाई सोध्नुभयो, 'मानिसहरूले मलाई को हो भन्छन्?'"**

येशूको जीवनले उहाँ पितासँग निरन्तररूपमा ईश्वरीय सम्पर्कमा हुनुहुन्थ्यो भनेर देखाएको थियो। जब उहाँले मसीहको काम सुरू गर्नुभन्दा अघि बप्तिस्मा लिनुभयो त्यसबेला उहाँले परमेश्वरबाट खटाउनुभएको काम फत्ते गर्न स्वर्गबाट शक्ति पाउन प्रार्थना गर्नुभएको थियो। पिताको इच्छा पूरा

गर्न पवित्र आत्माले उहाँको सामु आएको कामको निम्ति शक्तिसम्पन्न गराउनुभयो। चाहे पाँचहजारलाई ख्वाउने आश्चर्य काममा होस् वा कुष्ट रोगीलाई निको पार्न होस् वा मानिसहरूलाई दुष्ट आत्माहरूबाट छुटकारा दिन नै किन नहोस्, असल र खराबको बीचमा भइरहेको युद्धमा शैतानसँग मुकाविला गर्ने शक्तिशाली अस्त्र भनेकै प्रार्थना नै हो भनेर येशूले महसुस गर्नुभएको थियो। हाम्रो कमीकमजोरी र असहाय परिस्थितिलाई परमेश्वरको उच्च शक्तिसँग मिलाएर लाने औजार परमेश्वरले नै प्रदान गर्नुभएको साधन प्रार्थना नै हो। प्रार्थनाले परमेश्वरलाई हामीकहाँ ओह्राल्दैन बरू हामीलाई परमेश्वरतिर उचाल्दछ। मानिसहरूको निम्ति हामीले गरिरहेको प्रार्थनाले केवल परमेश्वरलेमात्र तिनीहरूको हृदय छुन सक्दछ।

**आउने परीक्षा र सतावटको सामना गर्न तयार हुन येशूले पत्रुसलाई कस्तो आश्वासन वा भरोसा दिनुभएको थियो? हामी हरेकलाई दैनिक जीवनमा सामना गर्नुपर्ने परीक्षा, सतावत आदिको निम्ति उहाँले के वचन दिनुहुन्छ? हेर्नुहोस्, लूका २२:३१-३४ "३१ 'सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, ३२ तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ।' ३३ अनि पत्रुसले उहाँलाई भने, 'हे प्रभु, म तपाईंसँग झ्यालखानमा र मृत्युसम्मै जान तयार छु।' ३४ अनि उहाँले भन्नुभयो, 'पत्रुस, म तिमीलाई भन्दछु, तिमीले मलाई चिन्दिनँ भनेर तीन पल्ट अस्वीकार नगरुञ्जेल आज भाले बास्नेछैन।'" र हिब्रू ७:२५ "उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँ सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित हुनुहुन्छ।"**

साचो ईश्वरभक्तहरूको प्रार्थनाले मानिसहरूलाई परमेश्वरतिर फर्काउन सफल हुन्छन्। येशूले पत्रुसको नाउँ नै काढेर प्रार्थना गर्नुभएको थियो। पत्रुसले सामना गर्नुपर्ने गम्भीर परीक्षामा पनि उनको निम्ति प्रार्थना गरिरहने वचन येशूले उनलाई दिनुभएको थियो। परमेश्वरको राज्य विस्तारको निम्ति पत्रुस कति कर्मठ वा लगनशील कार्यकर्ता हुनेछन् भन्ने कुरा शैतानलाई थाहा थियो। इसाई चर्चमा पत्रुसको सकारात्मक प्रभाव र इज्जतलाई नाश गर्न भरमग्दुर प्रयास गर्ने शैतानको योजना थियो। तर उनले सामना गरेका प्रत्येक परीक्षा, सतावट आदिमा येशूले पत्रुसको निम्ति प्रार्थना गरिरहनुभएको थियो र

प्रभुको प्रार्थनाहरूको जवाफ पाइएको थियो। हाम्रो मुक्तिदाताले हाम्रो निम्ति प्रार्थना गरिरहनुभएको छ भन्ने आत्मज्ञान हामीमा हुँदा हामी अत्यन्तै प्रफुल्ल वा आनन्दित हुनसक्छौं। उहाँको सिंहासनअघि मानिसहरूको नामै काढेर उहाँसँगै मिलेर तिनीहरूको निम्ति प्रार्थना गरिरहन उहाँ हामीलाई आह्वान गर्नुहुन्छ।

निरन्तररूपमा प्रार्थना गरिरहने हाम्रो अडानसँगै हामी जसको निम्ति प्रार्थना गर्छौं त्यसको जवाफ पाउन पनि परमेश्वरमा नै भरोसा राख्नुपर्छ भन्ने ज्ञान हामीमा हुनुपर्छ।

**अहिले तपाईं कसको निम्ति प्रार्थना गरिरहनुभएको छ? हरेस खाएर त्यो प्रार्थना गर्न किन छोड्नुहुँदैन? तपाईं जुनसुकै कठिन परिस्थितिमा रहनुभएतापनि तपाईंले आफ्नो निम्ति र अरूको निम्ति प्रार्थना गरिरहने अडानलाई किन छोड्नुहुन्न?**

## ३. पावल अरूको निम्ति प्रार्थना वा विन्तिभाउ गर्दछन्

अरूको निम्ति प्रार्थना गर्नेकुरा बाइबलसम्मत छ। पावलको सेवाकार्यभरि उनकै सक्रियताले नयाँ चर्चहरू स्थापना गरेर नयाँ विश्वासीहरू भित्राएका थिए। तिनीहरूको निम्ति पावल निरन्तररूपमा प्रार्थना गर्दथे। प्रार्थना गर्दा र प्रार्थना नगर्दा भएको भिन्नताको विषयमा पावल जानकार थिए। उनका प्रियहरूदेखि उनले छुट्टिएर बस्नुपरेतापनि एक आपसको निम्ति गरिएको प्रार्थनाले एक अर्काको हृदयलाई सामिप्यता मिल्दछ भन्ने कुराको महसुस उनले गरेका थिए।

**एफिसी १:१५-२३ पढ्नुहोस्। पावलले एफिसीहरूको निम्ति परमेश्वरसँग गरेका बिभिन्न अनुरोध वा प्रार्थनालाई बिचार गर्नुहोस्। परमेश्वरबाट उनले के विशेष कुरा मागेका थिए? हेर्नुहोस् "१५ प्रभु येशूप्रति रहेको तिमीहरूको विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, १६ मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ। १७ म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्। १८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के**

हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्‍वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, २० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्‍वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।"

---

एफिसीका विश्‍वासीहरूको निम्ति पावलले गरेको प्रार्थना अत्यन्तै उल्लेखनीय छ। परमेश्‍वरले उनलाई बुद्धिज्ञान र ठीकबेठीक छुट्याउन सक्ने आत्मिक चेतना दिऊन् भनेर पावलले प्रार्थना गरेका थिए। उनले चर्चमा भित्राएका विश्‍वासीहरूको दिमागमा स्वर्गको दिव्यज्योतिको ज्ञान चम्काउन सकून् र तिनीहरूलाई अनन्त जीवनको निम्ति आशा दिन सकून् भनेर उनले प्रार्थना गरेका थिए। तिनीहरूको जीवनले परमेश्‍वरको शक्तिशाली र प्रभावकारी कामको अनुभव गर्न सकून् भनेर पनि उनले प्रार्थना गरेका थिए। हाम्रा शक्तिशाली र प्रभावकारी परमेश्‍वर जसले येशूलाई मृत्युबाट उठाउनुभयो। जुन घट्ना उहाँमा भएको अनन्त जीवनको आशाको जगको रूपमा रहेका पावलले विश्‍वास गरेका थिए। आफ्नो प्रार्थनाको अन्तमा "येशूको महिमाको यश" र "उहाँले दिनुहुने राज्य"लाई चिन्न सकियोस् भनेर पावलले अनुरोध गरेका थिए। पावलको पत्र पाउदा एफिसीका मानिसहरू अत्यन्तै उत्साहित भएका थिए। किनकि तिनीहरूलाई पावलले तिनीहरूको निम्ति प्रार्थना गरिरहेको कुरा थाहा थियो।

**फिलिप्पी १:१-१४ पढ्नुहोस्। यो पत्र पावल युरोप महादेशको फिलिप्पीमा झ्यालखानामा हुँदा लेखेका थिए। पावलको यस प्रार्थनामा के उल्लेखनीय तत्व समावेश भएको छ? यदि तपाईं फिलिप्पी चर्चको सदस्य हुनुभएको भए र पावलले लेखेको त्यो पत्र तपाईंले पाउनु भएको भए तपाईंको निम्ति पावलले प्रार्थना गरिरहेको विषय थाहाँ पाउँदा तपाईंलाई कस्तो अनुभव**

हुन्थ्यो होला ? ती शब्दहरूमा के प्रतिज्ञाहरू छन्? साथै त्यसमा कस्ता अर्तीहरू समावेस भएका छन्? हेर्नुहोस्, "१ ख्रीष्ट येशूका दासहरू पावल र तिमोथीबाट, ख्रीष्ट येशूमा फिलिप्पीमा भएका बिशपहरू र डिकनहरूसाथै सबै सन्तहरूलाईः २ परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति। ३ तिमीहरूप्रतिका मेरा सबै सम्झनामा म मेरा परमेश्वरलाई धन्यवाद दिन्छु। ४ तिमीहरू सबैका लागि सधैं मेरो प्रत्येक प्रार्थनामा म आनन्दसाथ प्रार्थना गर्दछु, ५ कि प्रथम दिनदेखि अहिलेसम्म सुसमाचारमा तिमीहरूका सहभागिताको निम्ति म धन्यवादी छु। ६ मलाई यो दृढ़ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ। ७ तिमीहरू सबैका निम्ति मैले यसो ठान्नु उचित छ, किनकि म तिमीहरू सबैलाई मेरो हृदयमा राख्तछु, किनकि मेरो कैदमा र सुसमाचारको सुरक्षा र समर्थनको काम दुवैमा तिमीहरू मसँग अनुग्रहका सहभागी भएका छौ। ८ किनकि परमेश्वर मेरा साक्षी हुनुहुन्छ, कि कसरी ख्रीष्ट येशूको प्रेमले म तिमीहरू सबैका निम्ति तृष्णा गर्दछु। ९ मेरो प्रार्थना यही छ, कि ज्ञान र अन्तर्दृष्टिमा तिमीहरूको प्रेम झन्-झन् प्रशस्त हुँदैजाओस्, १० यस हेतुले कि जे उत्तम छ सो तिमीहरू खुट्ट्याउन सक, र ख्रीष्टको दिनको निम्ति शुद्ध र दोषरहित रहन सक। ११ परमेश्वरका महिमा र प्रशंसाको निम्ति येशू ख्रीष्टद्वारा आउने धार्मिकताका फलले तिमीहरू भरिपूर्ण होओ। १२ भाइ हो, तिमीहरूलाई यो थाहा होस् भन्ने म चाहन्छु, कि ममाथि आइलागेका कुराहरूले वास्तवमा सुसमाचारलाई अगि बढ़ाउने काम भएको छ, १३ यहाँसम्म कि महलका सारा गारद र सबै बाँकीकहाँ पनि मेरो कैद ख्रीष्टको निम्ति भएको हो भन्ने जाहेर भएको छ। १४ धेरैजसो भाइहरू मेरो कैदले गर्दा प्रभुमा साहसी भएका छन्, र परमेश्वरको वचन विनाडर बोल्नलाई झन् आँटिला भएका छन्।"

पावलले यहाँ उल्लेख गरेका केही शब्दहरू अत्यन्तै उत्साहप्रद र आत्मिकरूपमा उच्च छन्। जो प्रतिज्ञाहरूले भरिएका छन् साथै प्रेम, ज्ञान र ठीकबेठीक छुट्याउन सक्ने क्षमता होस् भनेर पनि प्रार्थना गरेका थिए। तर ती क्षमताहरू येशूलाई चिनेपछिमात्र आउँदछन् साथै हाम्रो निम्ति परमेश्वरको योजना के छ त्यसमा पनि ती आशिस निर्भर रहन्छन् ।

## ४. अदृश्य वा आँखाले नदेखिने शक्तिहरूबाट हुने काम

असल र खराब वा परमेश्वर र शैतानबीच भइरहेको महान् युद्ध वा महान् विवादमा प्रत्येक व्यक्ति मुछिएको हुन्छ। त्यो युद्धसँग भिँड्ने शक्तिशाली अस्त्र भनेकै एक अर्काको निम्ति गरिने प्रार्थना हो। दानिएल १०ले त्यस युद्धको बारेमा अत्यन्तै खुलस्तरूपमा प्रकट गरेको छ।

राजा नबूकदनेसरले इस्राएलमा हमला गरि यहूदीहरूलाई आफ्नो देश बेबिलोनमा युद्धबन्दी बनाएर लगेका थिए।यहूदीहरू बेबिलोन वा आधुनिक इराकमा ७० वर्षसम्म निर्वासन वा युद्धबन्दीको रूपमा रहने कुरा अगमवक्ता यर्मियाले भविष्यवाणी गरेका थिए। दानिएलको जीवन कालको अन्ततिर नै त्यो भविष्यवाणी पूरा हुनपर्ने थियो। तर तत्कालै त्यो भविष्यवाणी पूरा हुने नदेखिएपछि दानिएल चिन्तित भएका थिए। यर्मियाको भविष्यवाणी पूरा हुने कुरामा दानिएलले कमै सम्भावना देखेका थिए। किनभने परमेश्वरका जनहरू अझै पनि युद्धबन्दीकै रूपमा थिए।

मीड र पर्सिया वा मादी र फारसी राज्यले बेबिलोनलाई कब्जा गरेको थियो तर यहूदीहरू अझै पनि बन्धकमै थिए। दानिएलले तीन हप्तासम्म उपबास बसेर प्रार्थना गरे। उनले गम्भीरताका साथ भित्री हृदयदेखि नै परमेश्वरसँग ती बन्दीहरूलाई मुक्त गर्न वा भविष्यवाणी पूरा गर्न तिनीहरूको निम्ति प्रार्थना गरे।र तेस्रो हप्ताको अन्त्यतिर तेजस्वी स्वर्गदूत उनीकहाँ देखा परे।

**दानिएल १०:१-१४ पढ्नुहोस् (विशेष गरेर पद १०-१४मा ध्यान दिनुहोस्। दानिएलको प्रार्थना कहिले सुनियो र कति समयसम्म ती प्रार्थनाहरूको सुनुवाइमा बाधा दिइएको थियो? हेर्नुहोस्, " १ फारसका राजा कोरेसको तेस्रो वर्षमा दानिएललाई (जसलाई बेलतसजर भनिन्थ्यो) एउटा दर्शन दिइयो। यस दर्शनको सन्देश सत्य थियो र यो एक ठूलो लड़ाइँको बारेमा थियो। त्यस सन्देशको अर्थ तिनलाई दर्शनमा प्राप्त भएको थियो। २ त्यस बेला म, दानिएल, तीन हप्तासम्म शोक गर्दैरहें। ३ मैले कुनै मीठो खाना खाइनँ, न मासु न दाखमद्य मेरो मुखमा पऱ्यो, र तीन हप्ता नबितेसम्म मैले कुनै पनि किसिमको तेल घसिनँ। ४ पहिलो महिनाको चौबीसौं दिनमा ठूलो नदी टाइग्रिसको किनारमा जसै म उभिरहेको थिएँ, ५ मैले माथि हेरें र मेरो अगि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एक जना मानिसलाई देखें। ६ तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको**

अनुहार बिजुलीझैं चम्कन्थ्यो, तिनका आँखा राँकोझैं बलिरहेका थिए। तिनका हात र खुट्टाहरू टल्काइएको काँसोजस्तै र तिनको स्वर ठूलो भीड़को स्वरझैं थिए। ७ म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। ८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेँलो भयो र म असहाय भएँ। ९ तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें। १० एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँड़ामा उभिन लगायो। ११ तिनले भने, 'दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।' जब तिनले यो मलाई भने, म डरले थरथर काम्दै उभिएँ। १२ तिनले भन्दैगए, 'नडराऊ दानिएल, तिमीले आफ्नो मन समझतिर लगाएको र तिम्रा परमेश्वरको सामु आफैलाई नम्र तुल्याएको पहिलो दिनदेखि नै तिम्रा शब्दहरूको सुनुवाइ भएको थियो, र म तिनकै प्रतिउत्तरमा आएको छु। १३ तर फारस राज्यका राजकुमारले मलाई एक्काईस दिनसम्म विरोध गरे। तब प्रधान राजकुमारहरूमध्ये एक जना मिखाएल मलाई मदत गर्न आए, किनभने फारसको राजासँग म त्यहीं रोकिएँ। १४ अब म भविष्यमा तिम्रा मानिसहरूलाई के हुनेछ भन्ने कुरा बुझाउन तिमीकहाँ आएको छु, किनभने दर्शनचाहिँ पछि हुने कुरासँग सम्बन्धित छ।"

यो अंश अत्यन्तै अर्थपूर्ण छ। यसलाई स्पष्ट रूपमा बुझ्न हामीले त्यहाँका पात्रहरूका केही विशेषताहरूलाई जान्नु जरुरी छ। फारस राज्यको राजकुमार को हो? उनी साइरस वा कोरेश थिएनन् जो पूरै पर्सिया वा फारस राज्यका राजा थिए। तर त्यहाँ "फार राज्यको राजकुमार" भन्दा त्यसले शैतानलाई सम्बोधन गरे जस्तो आभास् हुन्छ। येशूले शैतानलाई "यस संसारको राजकुमार" वा "यस संसारको शासक" भनेर सम्बोधन गर्नुभएको थियो (यूहन्ना १२:३१, यूहन्ना १४:३०)। "आकाशको शक्तिको मालिक" (एफिसी २:२) भनेर पावलले शैतानलाई नाउँ दिएका थिए। यदि फारसको राजकुमारको अर्थ शैतान हुने भए मिखाएलचाहीं को हो त? "मिखाएल" भन्ने नाउँ बाइबलमा पाँच पटक उल्लेख गरिएको छ (प्रकाश १२:७, यहूदा ९,

दानिएल १०:१३,१४ र दानिएल १२:१)। यहाँ लेखिएका अंशहरूलाई केलाएर हेऱ्यौ भने मिखाएल (जसको अर्थ परमेश्वर जस्तो अरू को छ र हो) यसले येशूलाई सम्बोधन गरेको देखिन्छ। उहाँले शैतानसँगको युद्धमा सारा स्वर्गदूतहरूको नेतृत्व गर्नुभएको थियो। येशू ख्रीष्ट अनन्त, सनातन, सर्वशक्तिमान, यस संसारमा बालक भएर आउनुभन्दा अघि नै उहाँको अस्तित्व थियो र उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ। सारा स्वर्गदूतहरूको नेता वा सेनापति हुनुभएको हैसियतले उहाँको काम शैतानलाई परास्त गर्नु वा हराउनु हो र अन्तमा उसलाई सदाको निम्ति नाश गर्नु हो।

यथार्थमा भन्ने हो भने दानिएल १०ले असल र खराबको बीचमा भइरहेको युद्धको पर्दा हामीमाझ उघारेको छ। दानिएलले भने अनुसार मिखाएल जो सर्वशक्तिमान येशू हुनुहुन्छ उहाँ स्वर्गबाट झर्नुहुन्छ र नरक अर्थात् शैतानका फौजहरूलाई परास्त अर्थात लखेटिदिनुहुन्छ। अहिले हामीले नदेखेतापनि आफू र अरूको निम्ति हामीले गरिरहेको प्रार्थनाको जवाफ दिन येशू सक्रिय भइरहनुभएको छ। उहाँ सर्वशक्तिमान उद्धारकर्ता हुनुहुन्छ। हामीले गरेको कुनै पनि प्रार्थना खेर जानेछैन।

**तपाईंको आफ्नै जीवनमा असल र खराब बीच युद्ध भइरहेको कुरालाई कसरी महसुस गर्नुभएको छ? यस वास्तविकताले गर्दा तपाईंले गर्ने प्रत्येक निर्णय कसरी गरिनुपर्ने आवश्यकता तपाईंले देख्नुभएको छ?**

## ५. प्रार्थनामा केन्द्रित हुनु

बाइबलभरि प्रार्थनाको महत्त्वको विषयमा उल्लेख गरिएको छ। प्रार्थना भनेको कुनै अस्पष्टता, हतारमा गरिने काम वा औपचारिकता पूरा गर्न गररिने कुरा पनि होइन। हृदयदेखि परमेश्वरमा चढाइने विशेष अनुरोध नै प्रार्थना हो। येशूले विशेष गरेर चेलाहरूको निम्ति प्रार्थना गर्नुभएको थियो। प्रेरित पावलले विशेष गरेर एफिसी, फिलिप्पी र कलस्सीका ईसाइ विश्वासीहरूको निम्ति प्रार्थना गरेका थिए। उनले तिमोथी, तितस र यूहन्ना अनि मर्कूस जस्ता आफ्ना सहकर्मीहरूको निम्ति प्रार्थना गरेका थिए।

**देहायका दुई अंशहरू पढ्नुहोस्। ती दुवैमा के साझा कुराहरू छन्? ती अंशहरूले आफू र अरूको निम्ति प्रार्थना गर्नु भनेको के हो भनेर बताउँछ? हेर्नुहोस्, १ शमूएल १२:१६-२५ "१६ अब चूपचाप खड़ा होओ, र परमप्रभुले**

तिमीहरूकै नजरको सामुन्ने गर्नुहुने बड़ो अचम्मको कामलाई हेर। १७ अहिले गहूँको कटनीको समय छ, होइन ? म परमप्रभुलाई पुकार्नेछु, अनि उहाँले गर्जन र वृष्टि पठाउनुहुनेछ। तब तिमीहरूले देख्नेछौ र जान्नेछौ कि राजा मागेर तिमीहरूले परमप्रभुको दृष्टिमा कस्तो खराबी गरेका रहेछौ।' १८ तब शमूएलले परमप्रभुलाई पुकारे, र उहाँले त्यसै दिन गर्जन र वृष्टि पठाउनुभयो। सबै मानिसहरू परमप्रभु र शमूएलको अगि भयभीत भए। १९ तिनीहरूले शमूएललाई भने, 'मृत्युदेखि बाँचौं भनेर परमप्रभु तपाईंका परमेश्वरसँग हामी तपाईंका सेवकहरूका निम्ति प्रार्थना गरिदिनुहोस्। किनभने हामीले हाम्रा पापमाथि राजा मागेर यो ठूलो खराबी थपेका छौं।' २० शमूएलले मानिसहरूलाई भने, 'नडराओ। तिमीहरू दुष्ट भए तापनि परमप्रभुको आराधना गर्न नछोड़, तर आफ्नो पूरा हृदयले उहाँको सेवा गर। २१ व्यर्थका देवताहरू पछि नलाग, जसले न त सहायता गर्न सक्छन् न बचाउन सक्छन्, किनभने तिनीहरू व्यर्थ हुन्। २२ आफ्नो महान् नाउँको खातिर परमप्रभुले तिमीहरूलाई त्याग्नुहुनेछैन, किनभने उहाँले तिमीहरूलाई आफ्नै निज प्रजा तुल्याउने निश्चय गर्नुभएको छ। २३ तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेर परमप्रभुको अगि पाप गर्ने दिनचाहिँ मबाट परै रहोस्। जे ठीक र असल छ सो म तिमीहरूलाई देखाउनेछु। २४ तिमीहरूले परमप्रभुको श्रद्धा गर र तिमीहरूका पूरा हृदयले ईमानदारसित उहाँको सेवा गर। तिमीहरूका निम्ति उहाँले कस्तो ठूलो काम गर्नुभएको छ, सो विचार गर। २५ तर तिमीहरूले खराबी नै गरिरह्यौ भने, तिमीहरू र तिमीहरूका राजा नष्ट हुनेछौ।'" र अयूब १६:१६-२१ "१६ रुँदा-रुँदा मेरा गालाहरू राता भएका छन्, मेरा आँखाका चारैतिर कालो भएको छ। १७ तापनि मेरा हात उपद्रवमा लागेका छैनन्, अनि मेरो प्रार्थना साँचो छ। १८ 'हे पृथ्वी, मेरो रगतलाई नढाक्, अनि मेरो पुकारा कहिल्यै नथामिओस्! १९ किनभने अहिले, मेरा गवाही ता स्वर्गमा हुनुहुन्छ, मेरो निम्ति जवाफ दिनलाई उच्चमा एउटा वकील तयारी हुनुहुन्छ। २० मेरा मध्यस्थ मेरा साथी हुनुहुन्छ, जसै मेरा आँखाले परमेश्वरको अघि आँसु बगाउँछ, २१ मानिसको निम्ति परमेश्वरसित तिनी बिन्ती गर्छन्, जसरी मानिसले आफ्नो साथीको निम्ति बिन्ती गर्दछ।"

हृदयदेखि दिल खोलेर, साँचो मनले गम्भीर भएर निश्चित विषयबस्तुको निम्ति गरिने निवेदन नै प्रार्थाना हो भनेर दुबै शमूएल र अय्यूबले

प्रष्ट्याएका छन्। शमूएल आफ्नो हृदयको क्रन्दन यसरी पोख्दछन् "तिमीहरूको निम्ति प्रार्थना गर्न रोक्ने र परमेश्वरको विरुद्धमा पाप गर्ने दिनहरू मबाट टाढा होस्" (१ शमूएल १२:२३ रूपान्तरित)। शमूएलको प्रार्थनालाई नै अय्यूबले प्रतिध्वनित गरेको कुरा हामी देख्न सक्छौं । "मानिसको निम्ति परमेश्वरसँग बिन्ती गरे कस्तो हुन्थ्यो?" (अय्युब १६:२१ रूपान्तरित)। येशूलाई नचिन्नेहरू पुरुष र महिलाहरूको निम्ति प्रार्थना गर्नु हाम्रो काम हो।

**जब अरूको निम्ति हामी प्रार्थना गर्छौं तब के हुन्छ? हेर्नुहोस्, १ यूहन्ना ५:१३-१६ "१३ तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु। १४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। १५ हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ। १६ यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ। तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिनँ।"**

जब हामी अरूको निम्ति प्रार्थना गर्छौं तब तिनीहरूको निम्ति हामी आशिषको माध्यम हुनसक्छौं। स्वर्गको सिंहासनबाट जीवनको पानी हामीद्वारा परमेश्वरले तिनीहरूकोसामु प्रवाहित गर्नुहुन्छ। जब मानिसले गम्भीर भएर दिलैदेखि प्रार्थना गर्छ तब शैतान र उसका फौजहरू डरले थुरथुर काँप्छन्। प्रार्थनाको शक्तिको बारेमा एलेन जी ह्वाइट यस्तो भाव व्यक्त गर्छिन् " शक्तिशाली प्रतिद्वन्द्विले परमेश्वरसँग गरेको प्रार्थनाको जबाफ शैतानले थेग्नै सक्दैन। परमेश्वरको बल र तेजमय चरणको सामु शैतान डराउँछ र थुरथुर काँप्दछ। भावविभोर भएर जोसिलो भएर इमान्दारिताका साथ गरिएको प्रार्थनाको आवाजले शैतान र उसका मतियारहरू डरले थुरथुर काँप्दछन्।"- टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. ३४६बाट रूपान्तरित। परमेश्वरलाई वेवास्ता गरेर उहाँलाई विश्वास गर्नुपर्ने आवश्यकता नै छैन भनेर आफ्नो

विवेकलाई मिचेर संघर्ष गरिरहेका मानिसहरूको निम्ति हाम्रो प्रार्थनाले ईस्वरीय शक्तिको स्रोतसँग हामीलाई जोड्दछ।

**मत्ती १८:१८-२० पढ्नुहोस्। अरूको निम्ति परमेश्वरसँग गरिने बिन्तिभाउ वा प्रार्थना किन महत्त्वपूर्ण छ र प्रभुलाई नचिन्ने मानिसहरूको निम्ति प्रार्थना गर्न येशूको त्यो वचनले हामीलाई कसरी हौसला दिँदछ? हेर्नुहोस् "१८ 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। १९ फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, २० किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।"**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *स्टेप्स टु क्राइस्टको* पृ. ९३-१०४को "द प्रिभिलेज अभ प्रेयर" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ७, पृ. १९-२४को "वर्क फर चर्च मेम्बरस्" पढ्नुहोस्।**

जब हामी अरूको निम्ति प्रार्थना गर्छौं तब परमेश्वरले हाम्रो समर्पणता, भक्तिभाव र उहाँमाथिको हाम्रो भरोसालाई कदर गर्नुहुन्छ। जसको फलस्वरुप उहाँ स्वर्गको सबै स्रोतहरूलाई परिचालन गरेर मानिसहरूको जीवनलाई परिवर्तन गर्न आफ्नो शक्ति प्रयोग गर्नुहुन्छ। जब हाम्रा प्रार्थनाहरू उहाँको सिंहासनअघि चढाइन्छ तब परमेश्वरको आदेश पालना गर्न स्वर्गका जीवहरू जुरमुराउँछन्। "प्रत्येक इमान्दार, जोशिला, निरन्तर र जीवित विश्वासमा चढाइएको प्रार्थनाको जवाफ येशूद्वारा दिनुहुने आदेशको पालना गर्न उहाँको सिंहासन वरिपरि रहेका स्वर्गका सेवक स्वर्गदूतहरू पर्खिरहेका हुन्छन्।"-एलेन जी ह्वाइट, *सेलेक्टद मेसेजेज,* बुक २, पृ. ३७७बाट रूपान्तरित। एउटा पनि प्रार्थना खेर जाँदैन परमेश्वर बिर्सनुहुन्न भन्ने ठोकुवा हामीलाई दिइएको छ। जबसम्म परमेश्वर हाम्रो हितको निम्ति उहाँले चिताउनुभएको सबभन्दा उचित समय र स्थानमा पुग्नुहुन्न तबसम्म ती प्रार्थनाहरू स्वर्गमा थुप्रिएर बसेका हुन्छन्। "विश्वासको प्रार्थना कहिल्यै पनि खेर जादैन तर हामीले चिताएका वा अपेक्षा गरेका यावत थोक पूरा

गरिदिनुहुन्छ भन्नुचाहीँ परमेश्वरलाई कठपुतलीझैं चलाउन खोज्नु हो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली १, पृ. २३१बाट रूपान्तरित। येशूलाई नचिन्ने वा चिन्न नचाहने हाम्रा साथी, हाम्रा छोरा र छोरीहरू, हाम्रा आफन्तहरू, मित्रहरू र सहकर्मीहरूको निम्ति जब हामी प्रार्थना गर्छौं तब के हुनेछ भन्ने कुरामा माथिको कथनले हामीलाई हौसला प्रदान गर्दछ। सत्य र इमान्दारिताका साथ गरिएको एउटै प्रार्थना पनि खेर जाँदैन। हामीले गर्ने प्रार्थनाको जवाफ तुरून्तै नदेखिएला तर परमेश्वरले तिनीहरूको हृदयलाई चलाइरहनुहुनेछ। जुनकुरा हामीले स्वर्गमामात्र थाहा पाउनेछौं।

**चिन्तनमननः**

अ· **जुनबेला पावल झ्यालखानामा थिए त्यसवेला फिलिप्पीका विश्वासीहरूको प्रार्थनाले पावललको हौसला बढेको थियो। आफ्नो निम्ति प्रार्थना गर्न पावलले कलस्सी र थेस्सोलिनिकीहरूका विश्वासीहरूलाई प्रार्थना गर्न अनुरोध गरेका थिए। देहायका पदहरू पढेर मानिसलाई परमेश्वरतिर फर्काउन तिनीहरूको निम्ति प्रार्थना गर्न किन जरुरत छ?** फिलिप्पी १:१९,२० "१९ *हो, म रमाउनेछु। किनकि म जान्दछु कि तिमीहरूका प्रार्थना र येशू ख्रीष्टका आत्माको सहायताले यो मेरो छुटकाराको निम्ति हुन आउनेछ।* २० मेरो उत्कट प्रतीक्षा र आशा यो हो, कि म कदाचित् लज्जित हुनेछैनँ, तर ममा प्रशस्त साहस हुनेछ, र सधैंझैं अहिले पनि मेरो शरीरमा ख्रीष्ट सम्मानित हुनुहुनेछ, चाहे मृत्युद्वारा होस्, अथवा जीवनद्वारा।", कलस्सी ४:२-४ "२ सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो। ३ हाम्रा निम्ति पनि प्रार्थना गर, ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति एउटा ढोका खोलिदेऊन्, जसको निम्ति म थुनामा परेको छु, ४ र मैले बोल्नुपर्ने वचन खुलस्त पार्न सकूँ।" र २ थेस्सोलिनिकी ३:१-३ "१ अन्त्यमा भाइ हो, हाम्रा निम्ति प्रार्थना गर, ताकि प्रभुको वचन शीघ्रतासाथ फैलिओस् र विजयी होस्,

जसरी तिमीहरूका माझमा भएको पनि थियो, २ र भ्रष्ट र दुष्ट मानिसहरूबाट हामी छुटकारा पाउन सकौं, किनकि सबैसित विश्वास हुँदैन। ३ तर प्रभु त विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई स्थिर गराउनुहुनेछ र दुष्टबाट सुरक्षित राख्नुहुनेछ।"

आ· हामी जुन संसारमा जिइरहेका छौं त्यसको पछाडि असल र खराबको बीचमा भइरहेको महान् युद्ध वा विवादकोबीच ठूलो चलखेल भइरहेको वास्तविकतालाई ध्यान दिएर सोच्नुहोस्। यो संघर्षपूर्ण द्वन्द्वमा प्रार्थनाको महत्त्व वा आवश्यकताका विषयमा तपाईं के भन्नुहुन्छ? हुन त, येशूले युद्ध जित्नुभयो र हामीलाई यो पनि थाहा छ कि अन्त्यमा उहाँले नै जित्नुहुनेछ। यद्यपि परमेश्वरमा निष्ठावान् भएर अरूको मुक्तिको निम्ति क्रियाशील भइरहन र निरन्तर प्रार्थना गरिरहन हाम्रो शक्तिले भ्याएसम्म परिश्रम गरिरहन किन जरुरी छ?

इ· जब हामी अरूको निम्ति प्रार्थना गर्छौं तब त्यहाँ केही वाधाहरू आउँन सक्छन्। ती वाधा के हुन सक्छन्? अरूको निम्ति झन् वढी प्रार्थना गर्नुपर्ने आवश्यकता भएपनि त्यसबाट पछि हट्न तपाईंमा कस्ता बहाना हुनसक्छन्?

कथा ४

## पोलाण्डका इमान्दार र निष्ठावान सैनिक

-स्लाओमिर पासेक



म पोल्याण्डको हवाइ सैनिक अखडामा काम गर्थें। त्यसबेला रुसबाट ल्याइएका मीग-२१ सैनिक हवाइ जहाजको यान्त्रिकशालामा म काम गर्दथें।। तर जब नयाँ जेट हवाइजहाजहरू ल्याइयो तब ती मीग-२१ हवाइ जहाजहरू उडाउन बन्द गरियो र मलाई हवाइ जहाज यन्त्रशालाको काम छोड्ने अवसर दिइयो ताकि म नयाँ काम खोज्न सकुँ।

मैले एयर ट्राफिक कन्ट्रोलर अर्थात् हवाइ जहाजहरू उडाउन र अवतरण गर्न निर्देशन दिने काम रोजें। त्यसको निम्ति मैले छ महिना कठोर कक्षाहरू लिनु परेको थियो। म ती कक्षाहरूमा सामेल भएर ग्राजुयट भएँ तर मलाई आँखाको डाक्टरले एयर ट्राफिक कन्त्रोलरको काम गर्न अयोग्य ठहऱ्याए। उक्त कामको निम्ति मेरो आँखा तीक्ष्ण वा राम्रो छैन भनेर सिफारिस गरिएको थियो।

मलाई धेरै दुःख लाग्यो र दिक्क हुँदै मैले परमेश्वरसँग प्रार्थना गरें, "हे प्रभु, मैले पाउने कामबाट मलाई किन बञ्चित गराइयो?"

अनि सैनिक अखडामा विभिन्न कामहरू गर्न थालें। त्यसबेला मेरो धेरै फुर्सद हुन्थ्यो। त्यस समयमा घन्टौंसम्म बाइबल पढ्न थालें। जसले गर्दा परमेश्वरको बारेमा अझै जान्ने चाहना मेरो भित्री हृदयमा उब्जिन थाल्यो।

घरमा पनि मेरी श्रीमती अनिताले मसँगै बाइबल पढ्न थालिन्। हामीलाई रोमन क्याथोलिक चर्चले सिकाए अनुसार बाइबलमा भएका धेरै कुराहरू मेल नखाएको हामीले देख्यौं। क्याथोलिक चर्चले सिकाए अनुसार बाइबलका विभिन्न शिक्षाहरूमा मेल नखाने विषयहरूमा मानिस मरेपछि पिशाच ठाउँमा जाने, स्वर्ग वा नर्कमा जाने र सातौं दिन सनिबार साबथ नभइकन हप्ताको पहिलो दिन आइतबार नै पवित्र दिन हो आदि थिए।

एक साबथ हामीले एडभेन्टिस्ट चर्चमा जाने निर्णय गर्यौं। यदि त्यस चर्चमा बाइबलसँग मेल नखाने कुनै कुराहरू सिकाइयो भने हामी तुरन्तै चर्चबाट बाहिर निस्किने भनेर हामीले एक आपसमा प्रतिवद्धता गरेका थियौं। तर त्यहाँ जे सिकाइरहेको थियो सबै कुरा बाइबलसम्मत नै भएकोले

उत्सुकताका साथ भित्रै बस्यौं तर चर्चबाट बाहिर निस्किएनौं। त्यस दिनदेखि हामी एडभेन्टिस्ट चर्चमा जान थाल्यौं।

एकजना पास्टरले हामीलाई बाइबल सिकाउन थाले। अनि मलाई निश्चय भयो कि मैले सैनिक अखडामा काम गर्न छोड्नुपर्छ किनभने त्यहाँ शनिबार पनि काम गर्नुपर्दथ्यो। तर मैले साबथ पालना गर्नुपर्छ भन्ने कुरा मलाई थाहा भयो। त्यसकारण शनिबार काम गर्न सक्दिनँ बरू कामबाट राजिनामा दिन्छु भनेर मैले मेरो हाकिमलाई भनें तब हाकिमले त्यसमा समस्या छैन किनभने शनिबार तिम्रो सट्टामा अरू सैनिकले काम गर्छन् र तिमीचाहीं उसको लागि आइतबार काम गरिदेऊ eg]/ जवाफ दिए।

केही समयपछि मेरो पदोन्नति अर्थात् प्रमोशन भयो। त्यसबेला मलाई घुम्ती राडार युनिटको नाइके बनाइयो। त्यस युनिटले हवाइ जहाज आउने जाने दिशालाई हेर्थ्यो। जब शनिबार पनि त्यो काम गर्नुपर्ने अवस्था त्याहाँ आयो मैले मेरो कमान्डर अर्थात् हाकिमलाई मेरो आस्थाको बारेमा सुनाएँ र मैले भने म साबथ पालना गर्दैछु त्यसैले म शनिवार काम गर्न सक्दिनँ।

ती हाकिमले अचम्म मान्दै मलाई सोधे, "यो कुरा मलाई किन पहिला नै भनेनौं . तिमीले तिम्रो साथीसँग काम साटिरहेका थियौं भनेर मलाई किन जानकारी दिएनौं? जबसम्म म तिम्रो हाकिम रहन्छु तबसम्म तिमीले कुनै शनिबार काम गर्नुपर्दैन।"

मेरो आस्थाको बारेमा सैनिक अखडाभरि कुरा फैलियो। आत्मिक जिज्ञासाहरू लिएर सैनिकहरू मकहाँ आए। मेरो आस्थाले पारेको प्रभाव वारेमा मलाई थाहा थिएन। तर जब २९वर्षसम्म सैनिक क्षेत्रमा काम गरेपछि अवकाश भएँ तब मैले मेरो आत्मिक जीवनलाई कतिको छोएको रहेछु भनेर केही हदसम्म थाहा पाएँ। एक दिन हाकिमले मलाई उनको अफिसमा बोलाएर मसँग व्यक्तिगत कुरा गर्न चाहेको कुरा वताए।

"तिम्रो प्रभावले म पनि बाइबल पढ्न थालें। मसँग केही प्रश्नहरू छन्। के तिमी त्यसको जवाफ दिन सक्छौ?" उनले सोधे।

जब मैले पछाडि फर्केर हेरें। मलाई एयर ट्राफिक कन्ट्रोलरको काम किन दिइएन भन्ने मैले बुझ्न थालें। त्यो ढोका परमेश्वरले नै बन्द गर्नुभएको रहेछ। यदि मैले त्यो काम पाएको भए मलाई बाइबल अध्ययन गर्ने समय हुदैनथ्यो। शनिबार पनि काम गर्नुपर्दथ्यो र त्यस दिनको सट्टामा अर्को सैनिक साथीले काम गर्न सक्दैनथ्यो न त धेरै सैनिकहरूलाई मेरो आस्थाको बारेमा सुनाउन नै सक्थैं।

हो, मैले योजना गरे अनुसार सबै कुरा भएनन् तर मानिसका योजनाहरूभन्दा परमेश्वरको योजना उत्तम हुन्छन्।